# लम्कीचुहा नगरपालिकाको १७ औँ नगर सभा बैठकमा लम्कीचुहा नगरपालिकाका उपप्रमुख श्री जुना चौधरी ज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम

**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भल्का, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम

**नगरसभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१. सर्वप्रथम लम्कीचुहा नगरपालिका सम्मानित सत्रौँ नगरसभा अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको अनुमानित विवरण प्रस्तुत गर्न पाउँदा गर्वको अनुभुति गरेको छु।

२. राष्ट्रिय आकांक्षा अनुरूप सामाजिक न्याय, लोकतान्त्रिक मूल्य तथा नागरिक अधिकारको स्थापना, संरक्षण र प्राप्तिका लागि विभिन्न समयमा भएका जनआन्दोलन तथा गत भदौ २३ र २४ गतेको नवयुवा-जेनजीको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनमा आहत नागरिकहरू प्रति सहानुभूति प्रकट गर्दछु।

३. स्थानीय सरकार जनताको सन्निकट सरकार भएकाले यसका लक्ष्य, गन्तव्य तथा उदेश्यहरु पनि नागरिकको जनजीवन र जनजीविकासंग प्रत्यक्ष जोडिएका हुन्छन। नगरपालिकाको समग्र सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी, गुणस्तरिय र जवाफदेही बनाउँदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नती हासिल गर्नु हामी सबैको साझा संकल्प रहेको छ। यो चुनौती र अवसरलाई गम्भिरतापूर्वक लिदै आगामी आथिक वर्ष २०८३।०८४ को बजेट हामीले निर्वाचनमा जनतासंग गरेका प्रतिबद्दता पुरा गर्ने र हाम्रो नगर हामी आफै बनाउँछौ भन्ने अभियानमा आम नगरवासीको साथ, समर्थन, एकता र सहयोग कायम राखिराख्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने विश्वस्त छु।

४. "समृद्ध नगरपालिका" निर्माणका लागि विकास, समृद्धि र सामाजिक न्यायलाई सुदृढ आधार प्रदान गर्दै संविधानले निर्देशित गरेको समाजवादउन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने उद्देश्य सहित गरिबी, असमानता, विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति तथा समुदायको सशक्तीकरण र उत्थानमार्फत सबै नागरिकको दिगो शान्ति, सुशासन, विकास तथा समृद्धिको साझा आकांक्षा पूरा गर्ने गरी यो बजेट प्रस्तुत गरेको छ।

५. यसका लागि योजनाबद्ध विकासका प्रयासमार्फत उपलब्ध स्रोत-साधनको कुशलतम्, मितव्ययी, औचित्यपूर्ण र प्रभावकारी परिचालन गर्दै सामाजिक न्याय, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई सुदृढ गरिनेछ। उत्पादनशील क्षेत्रको विस्तार, उद्यमशीलताको प्रवर्द्धन तथा सीपमूलक कार्यक्रममार्फत रोजगारीका अवसर सिर्जना गर्दै डिजिटल पूर्वाधारको विकास तथा सूचना प्रविधिको व्यापक उपयोगमार्फत सेवा प्रवाहलाई सहज, पारदर्शी, प्रभावकारी र अनुमानयोग्य बनाइनेछ।

६. नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सोह्रौ योजना, दिगो विकास लक्ष्यसहितका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, यस नगरपालिकाको प्रथम आवद्यिक योजना र मध्यमकालीन खर्च संरचनालाई मुख्य आधार बनाएको छु। साथै, लम्कीचुहा नगरपालिकाको नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त तथा प्राथमिकता र सभाका सदस्यहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई मार्गदर्शनको रूपमा ग्रहण गरेको छु।

७. विभिन्न विषयगत समितिहरू, संघ र स्थानीय तह, राजनीतिक दल, संघसंस्था, विद्धत वर्ग, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवम् संचार क्षेत्र लगायत युवा वर्ग तथा आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम् सम्बोधन हुने गरी प्राथमिकतामा राखेको छु ।

**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरु,**

अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौतीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) दिगो र समावेशी आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न नसक्दा नगरपालिकाको समग्र आर्थिक अवस्था अपेक्षा अनुरूप हुन सकेको छैन । साथै, आन्तरिक राजस्व संकलन न्यून हुँदा संघीय तथा प्रादेशिक अनुदानमाथिको निर्भरता उच्च रहेको छ ।

(ख) विनियोजन कुशलता, कार्यान्वयन क्षमता र वित्तीय अनुशासन सुदृढ हुन नसक्नु, आयोजना तथा कार्यक्रमको प्रभावकारी प्राथमिकीकरण नहुँदा सार्वजनिक लगानी अपेक्षित रूपमा प्रतिफलमुखी बन्न सकेको छैन ।

(ग) शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सार्वजनिक सेवाको गुणस्तर सुधार हुन नसक्नु, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायको समावेशी विकास सुनिश्चित गर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य प्राप्त गर्न थप प्रयास आवश्यक रहेको छ ।

(घ) जलवायु परिवर्तन, प्राकृतिक विपद् (बाढी, पहिरो, खडेरी) तथा वातावरणीय जोखिमका कारण कृषि उत्पादन, पूर्वाधार र समग्र आर्थिक गतिविधिमा प्रतिकूल प्रभाव परिरहेको छ । नगरपालिकामा प्राकृतिक स्रोत तथा सम्भावनाको पर्याप्त उपयोग हुन नसक्दा कृषि, पर्यटन जस्ता क्षेत्रहरूको अपेक्षित विकास र औद्योगिकीकरण हुन सकेको छैन ।

(ङ) दक्ष जनशक्ति पलायन उच्च रहनु तथा स्थानीय स्तरमा रोजगारीका अवसर सीमित हुनुले मानव पुँजीको पूर्ण उपयोग हुन सकेको छैन । मानव पुँजीको विकास तथा श्रमशक्तिको प्रभावकारी परिचालन सन्तोषजनक हुन नसकेको कारण अर्थतन्त्रको विस्तारमा अपेक्षित सुधार हुन सकेको छैन ।

**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म आ.व. २०८३/८४ को बजेट तर्जुमा गर्दा लिएका उद्देश्यहरू प्रस्तुत गर्न चाहन्छु ।

(क) सुशासन, डिजिटल रूपान्तरण र संस्थागत सुदृढीकरणमार्फत पारदर्शी, प्रभावकारी र जवाफदेही सार्वजनिक प्रशासन स्थापना गरी नगरप्रति जनविश्वास अभिवृद्धि गर्नु ।

(ख) कृषिको आधुनिकीकरण, औद्योगिक विकास, उद्यमशीलता र लगानी प्रवर्द्धनमार्फत उत्पादन, उत्पादकत्व, रोजगारी र आय वृद्धि गरी नगरपालिकालाई अर्थतन्त्रलाई थप गतिशील बनाउनु ।

(ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सीप विकासमा लगानी वृद्धि गरी सक्षम, प्रतिस्पर्धी र उत्पादनशील मानव पुँजी निर्माण गर्नु।

(घ) गुणस्तरीय, उत्थानशील तथा प्रविधिमैत्री पूर्वाधार विकास मार्फत आर्थिक तथा सामाजिक रूपान्तरणलाई तीव्रता दिनु।

(ङ) जलवायु परिवर्तन अनुकूलन, वातावरणीय सन्तुलन तथा विपद् जोखिम व्यवस्थापनलाई दिगो विकासको अभिन्न अंगका रूपमा स्थापित गर्नु।

(च) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ गरी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमार्फत सेवा प्रवाह सुधार गर्नु।

**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब उपरोक्त उद्देश्य पुरा गर्न तय गरिएका सिद्धान्त र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु।

**सिद्धान्तहरू:**

(क) सुशासन, डिजिटल रूपान्तरण र संस्थागत सुदृढीकरण,

(ख) दिगो सार्वजनिक वित्त व्यवस्थापन तथा वित्तीय अनुशासन,

(ग) उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण,

(घ) गुणस्तरीय तथा उत्थानशील पूर्वाधार विकास,

(ङ) मानव पुँजी विकास, सामाजिक न्याय र समावेशी विकास,

(च) दिगो तथा उत्थानशील विकास।

**क्षेत्रगत प्राथमिकता:**

(क) नीतिगत, संस्थागत तथा डिजिटल सुशासन सुदृढीकरण,

(ख) वित्तीय अनुशासन, नतिजामुखी सार्वजनिक खर्च तथा सार्वजनिक वित्त व्यवस्थापनमा सुधार,

(ग) उत्पादन वृद्धि, कृषि आधुनिकीकरण, उद्योग प्रवर्द्धन तथा रोजगारी सिर्जना,

(घ) उत्थानशिल पूर्वाधार निर्माण आर्थिक विकासको आधार,

(ङ) शिक्षा, स्वास्थ्य तथा मानव पुँजी विकास,

च) सामाजिक न्याय, समावेशी विकास तथा लक्षित गरिबी न्यूनीकरण,

छ) दिगो विकास, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन।

**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिमका सुधार प्रस्ताव गरेको छु ।

(क) आन्तरिक राजस्व परिचालनको आधार विस्तार गर्दै कर प्रशासन सुधार, कर चुहावट नियन्त्रण तथा डिजिटल कर प्रणाली विस्तार गरी संघीय तथा प्रादेशिक अनुदानमाथिको निर्भरता क्रमशः घटाइनेछ । कृषि, पर्यटन, उद्योग क्षेत्रमा लक्षित लगानी अभिवृद्धि गरी दिगो आर्थिक वृद्धि हासिल हुने नीति लिएको छु ।

(ख) आयोजना छनोट, प्राथमिकीकरण तथा बजेट विनियोजन प्रक्रियालाई नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचनासंग आबद्ध गरी स्रोत विनियोजनलाई थप रणनीतिक, नतिजामुखी र उत्तरदायी बनाउने प्रयास गरेको छु ।

(ग) रूपान्तरणकारी तथा बहुवर्षीय आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गर्न स्रोत सुनिश्चितता, पूर्वतयारी, खरिद व्यवस्थापन तथा कार्यान्वयन सहजीकरणका विशेष व्यवस्था अवलम्बन गरेको छु ।

(घ) शिक्षा, स्वास्थ्य, सीप विकास, महिला, युवा, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गसँग सम्बन्धित कार्यक्रमहरूको प्रभावकारिता मापनयोग्य नतिजा सूचकका आधारमा सुनिश्चित गर्ने प्रयास गरेको छु ।

(ङ) कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नीतिगत सुधार, नियामकीय सहजीकरण तथा सार्वजनिक-निजी साझेदारीका संयन्त्रहरूसँग समन्वय गर्ने प्रयास गरेको छु ।

(च) संघ, प्रदेश र स्थानीय तहबीच योजना तर्जुमा, स्रोत परिचालन, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा अन्तरसरकारी समन्वयलाई थप सुदृढ गर्दै दोहोरोपन न्यूनीकरण र स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्ने प्रयास गरेको छु ।

(छ) दक्ष जनशक्ति विकास गर्न सीपमूलक तालिम, उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी स्वरोजगार जनशक्ति उत्पादनलाई प्राथमिकता दिएको छु ।

**नगरसभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

८. बजेट भनेको कुनै निश्चित वर्ष वा अवधिका लागि लक्ष्य, गन्तव्य, प्राथमिकता, प्रतिबद्दता, नीति, कार्यनीति सहित वित्तीय स्रोतको सुनिश्चितता पनि हो । मैले यो बजेट तर्जुमा गर्दै गर्दा हाम्रो आय बमोजिम कुशल व्यय हुने गरि यस नगरको समृद्दीतर्फको भविष्य र जनताको विकास प्राप्तिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्दान्तलाई आत्मसाथ गरेको छु । नगर अर्थतन्त्रको थप पुँजी निर्माण हुने खर्च र पुजीगत प्राप्ती तर्फ लक्षित आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

९. नगर कार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८३।०८४ को आय र व्ययको अनुमान स्वीकृतिको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व चालु आ.व. को यथार्थ आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानीत नगरसभा समक्ष पेश गरेको छु।

१०.गत आ.व. २०८२।०८३ को आय तर्फ आन्तरिक स्रोतबाट रु ४३ करोड ८७ लाख ६० हजार ८ सय ३२ रुपैया, बाह्य आय (अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजश्व बाडफाँड) बाट ७७ करोड ५७ लाख ३९ हजार १ सय ६८ रुपैया कुल १ अर्ब २१ करोड ४५ लाख भएको देखिन्छ। यसै गरि हालसम्म व्यय तर्फ कुल १ अर्ब २१ करोड ४५ लाख मध्ये ४९ करोड ४८ लाख ४४ हजार ९ सय ९१ रुपैया चालुतर्फ र १५ करोड २६ लाख ५९ हजार १ सय १० रुपैया पूजीगत तर्फ गरी कुल ६४ करोड ७५ लाख ४ हजार १ सय १ रुपैया खर्च भएको छ जुन कुल आयको ५३.३१ प्रतिशत हो।

**नगरसभाका अध्यक्ष महोदय**

**नगर सभाका सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित आय-व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु।

११.यस नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ का लागि कुल आय १ अर्ब ४३ करोड ४२ लाख १३ हजार ८ सय ५४ रुपैया हुने अनुमान गरिएको छ भने कुल व्यय तर्फ चालु खर्च ८५ करोड ६५ लाख ९५ हजार रहेको छ भने पुँजीगत तर्फ ५७ करोड ७६ लाख १८ हजार ८ सय ५४ रुपैया रहेको छ। कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छ।

**आयतर्फ**

क. आन्तरिक आय: रु ६६ करोड ९६ लाख ८ हजार ८ सय ५४ रुपैया

ख. राजश्व बाँडफाँडः १८ करोड ८९ लाख ४३ हजार

ग. समानिकरण अनुदान (नेपाल सरकार): १८ करोड ५९ लाख

घ. समानिकरण अनुदान (प्रदेश सरकार): १ करोड ८० लाख ९५ हजार

ङ. सशर्त अनुदान नेपाल सरकार : ३३ करोड ४२ लाख

च. सशर्त अनुदान प्रदेश सरकार : २ करोड ४९ लाख

ज. समपुरक अनुदान नेपाल सरकार : ४० लाख

झ. समपुरक अनुदान प्रदेश सरकार : ८५ लाख ६७ हजार

ञ. कुल जम्मा आय- १ अर्ब ४३ करोड ४२ लाख १३ हजार ८ सय ५४ रुपैया

**व्ययतर्फ**

क. चालु खर्च : ८५ करोड ६५ लाख ९५ हजार

ख. पुँजीगत खर्च : ५७ करोड ७६ लाख १८ हजार ८ सय ५४ रुपैया

१२. उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरि विनियोजन गरिको छ । यसले गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट सन्तुलित बजेटको सिद्दान्त अनुसार आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित नगरसभालाई जानकारी गराएको छु ।

१३. क्षेत्रगत कार्यक्रम तर्फ आर्थिक विकास तर्फ कुल बजेट मध्ये ६ करोड ४५ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको ४.५० प्रतिशत हो । यसैगरि सामाजिक विकास तर्फ कुल बजेटमध्ये ५५ करोड मात्र विनियोज गरेको छु, जुन कुल बजेटको ३८.३५ प्रतिशत हो । यसैगरि पूर्वाधार विकास तर्फ कुल बजेटमध्ये ५१ करोड ३१ लाख १८ हजार ८ सय ५४ रुपैया विनियोजन गरेको छु, जुन कुल बजेटको ३५.७७ प्रतिशत हो । यसैगरि सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल बजेटमध्ये ३ करोड विनियोजन गरेको छु, जुन कुल बजेटको २.०९ प्रतिशत हो यसैगरि कार्यालय संचालन तर्फ २७ करोड ६५ लाख ९५ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको १९.२९ प्रतिशत हो ।

१४. खर्च तर्फ योजनागत विस्तृत विवरण अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ । व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, सेवा सुविधा र नगरपालिकाले दिएको सेवा सुविधा सोही सरह कायम हुने गरि यस नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा प्रशासनिक खर्चको शिर्षकमा तलब भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु । विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाईने, करारमा कार्यरत कर्मचारीहरुको पुनरावलोकन गरि प्रशासनिक खर्च भार घटाउने र खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरि आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**नगरसभाका अध्यक्ष महोदय**

**नगर सभाका सदस्यज्यूहरु**

अब म लम्कीचुहा नगरपालिकाको आ.व. २०८३।०८४ का लागि क्षेत्रगत रुपमा विनियोजन गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

## अधुरा तथा क्रमागत आयोजनाहरुको निरन्तरता

१५. चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भूक्तानी बाँकी रहेका र क्रमागत एवं बहुवर्षीय ठेक्का भएका योजनाहरु समयमै सम्पन्न गर्नका लागि रु. १० करोड ८४ लाख ५१ हजार ८ सय ५४ रुपैया विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकुद**

१६. उच्च शिक्षामा पहुँच बढाउन तथा एम बि बि एस, होटल म्यानेजमेन्ट जस्ता विषयमा अध्ययनका लागि प्रदान गरिने छात्रवृति तथा अनुदान कार्यक्रमलाई निरन्तरता दिईएको छ।

१७. लम्कीचुहा नगरपालिका अन्तर्गतका प्रत्येक विद्यालयलाई प्राथमिक उपचार बक्स खरिदका लागि बजेट विनियोजन गरेको छु।

१८. लम्कीचुहा नगरपालिका क्षेत्रमा कम्तिमा ४ वर्षदेखि स्थायी रुपमा बसोबास गरिरहेका नागरिकले विद्यावारिधीको उपाधी प्राप्त गर्नेलाई एकमुष्ठ रु २ लाख उपलब्ध गराउने व्यवस्था गरेको छु।

१९. सामुदायिक विद्यालयमा कार्यरत नगर अनुदान शिक्षक/बालबिकास/विद्यालय कर्मचारी/सामुदायिक परिचालक/कार्यालय सहयोगीको तलव भत्तामा नगरपालिकाले व्यहोर्ने रकममा मासिक २० प्रतिशतले वृद्दी गरेकोछु।

२०. शिक्षा, युवा तथा खेलकुद शाखाका लागि कुल १४ करोड ३० लाख रकम विनियोजन गरेको छु।

**स्वास्थ्य सेवा**

२१. HIV संक्रमित व्यक्तिहरुलाई उपलब्ध गराउँदै आएको पोषण भत्ता वापतको रकमलाई निरन्तरता दिईनेछ।

२२. स्वास्थ्य बिमा कार्यक्रममा नगरपालिकाले दिने सहुलियत कार्यलाई निरन्तरता प्रदान गरेको छु।

२३. महिला स्वास्थ्य स्वयमसेविकाहरुको स्वास्थ्य बिमा कार्यक्रममा आवद्द गर्न स्वास्थ्य बिमामा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२४. स्वास्थ्य सेवा तथा बिमा कार्यक्रमतर्फ रु २ करोड २१ लाख रकम विनियोजन गरेको छु।

**आर्थिक विकास**

२५. खाद्यन्न बालि, मसला बाली, तरकारी बालिको पकेट क्षेत्रको विकास तथा कृषि सामग्रीमा अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरेको छु।

२६. नगरपालिकाद्वारा संचालन गरिने कृषि एम्बुलेन्स खरिदका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२७. नश्ल सुधार, घाँसको बिउ, कृतिम गर्भाधान लगायतका कार्यहरुमा दिइदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिएको छ।

२८. मागमा आधारित विभिन्न लक्षित वर्गहरुलाई मेयर कृषि कार्यक्रममा आबद्द गरिने कार्यलाई निरन्तरता प्रदान गरिएको छ।

२९. आर्थिक विकास अन्तर्गत कुल रु २ करोड ३० लाख रकम विनियोज गरेको छु।

**महिला बालबालिका तथा समाज कल्याण**

३०. बालमैत्री स्थानीय तह घोषणाका लागि ५१ वटा सूचकमा आधारित भई बालमैत्री स्थानीय तह घोषणा गरिने कार्यलाई प्राथमिकतामा राखिनेछ।

३१. महिला, बालबालिका, जेष्ठ नागरिक लगायतलाई समाजमा मर्यादित जिवन यापनको प्रत्याभूतिका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

३२. महिला बालबालिका तथा समाज कल्याण तर्फ रु २५ लाख विनियोजन गरेको छु।

**न्याय**

३३. न्यायीक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईएको छ।

३४. न्यायीक समितिका अन्य नियमित संचालन भईरहेका योजना तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता प्रदान गरेको छु।

३५. उप प्रमुख कमलरीसंग सिपमुलक क्षमता विकास कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु।

३६. न्यायीक समितिका लागि रु ३५ लाख विनियोजन गरेको छ।

**भूमि सेवा केन्द्र तथा भूमि प्रशासन**

३७. नेपाल सरकाले स्थानीय तहमा भूमि प्रशासन सम्बन्धी कार्य गर्नका लागि आवश्यक पूर्वाधार तथा जनशक्ती व्यवस्थापनका लागि पर्याप्त रकम विनियोजन गरेको छु।

३८. लम्कीचुहा नगरपालिका अन्तर्गत रहेका नापजाँच गर्न बाँकी कित्ताहरुको नापजाँचका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३९. भूमि सेवा केन्द्र र भूमि प्रशासनका लागि १ करोड १५ लाख रकम विनियोजन गरेको छु।

**पूर्वाधार विकास तथा पुँजीगत**

४०. लम्कीचुहा नगरपालिकामा रहेका विपन्न नागरिकहरुलाई आवास उपलब्ध गराउनका लागि नगर प्रमुख आवास कार्यक्रमलाई निरन्तरता प्रदान गर्न १ करोड विनियोजन गरेको छु।

४१. लम्कीचुहा नगरपालिकामा नगर वस संचालन तथा पोष्टमार्टम भ्यान खरिद गर्नक लागि आवश्यक रकम विनियोजन गरेको छु।

४२. प्रत्येक वडामा वडा समितको निर्णय बमोजिम कार्यान्वयन हुने गरी प्रत्येक वडामा २ करोडका दरले सडक कालोपत्रे गर्नका लागि रु २० करोड रकम विनियोजन गरेको छु।

४३. रिठाई ताल पर्यापर्यटन पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४४. सामुदायिक रेडियो पश्चिम आवाजको अधुरो भवन निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४५.लम्कीचुहा नगरपालिका वडा नं. ३ स्थित चिसापानीमा विपद प्रतिकार्यका लागि भ्यु टावर निर्माण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४६.लम्की माध्यामिक विद्यालयलाई एकमुष्ठ शिक्षण तथा प्रशासनिक अनुदान, ICT ल्याब र लम्की माध्यामिक विद्यालयको होटल म्यानेजमेन्ट किचन सेटअप तथा तालिमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४७.लम्किचुहा नगरपालिकाका सुरक्षा संवेदनशिल क्षेत्रहरुमा सुरक्षा चुनौतीलाई मध्येनजर गर्दै उज्यालो नगर कार्यक्रम अन्तर्गत हाईमास्ट लाईट जडानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४८.लम्कीचुहा नगरपालिका वडा नं. ९ प्रतापपुर स्थित बैजनाथ धाम मन्दिर निर्माणका लागि पर्याप्त रकम विनियोजन गरेको छु ।

४९.प्रत्येक वडामा खुला जिम तथा सेराजिम मेसिन जडान गर्ने कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्षमा समेत खुला जिम तथा सेराजिम मेसिन खरिद तथा जडानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५०.लम्कीचुहा नगरपालिका वडा नं. १ को मानव सेवा आश्रमलाई अनुदान स्वरुप प्रदान गर्नका लागि रु ५ लाख विनियोजन गरेको छु ।

५१.विभिन्न लक्षित वर्गहरुका लागि निश्चित मापदण्ड बमोजिम वास्तविकतामा आधारितभई पूर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**सार्वजनिक सेवा प्रवाह, कर्मचारी उत्प्रेरणा र शासकीय सुधार**

५२.नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड बमोजिम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी अनुत्पादक र कम प्रभावकारी रहेका दरबन्दी पुनर्संरचना र दरबन्दी पुनरावलोकनको कार्य अगाडि बढाउन बजेट विनियोजन गरेको छु ।

५३.प्रदेश सरकार मातहतका निकायमा सूचनाको हक सुनिश्चित गर्न सूचना अधिकारीहरूको क्षमता विकास तथा कार्यालयहरूको वेवसाइट, अनलाईन पोर्टल, डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई तथा गुनासो व्यवस्थापनलाई प्रभाकारी बनाइनेछ ।

५४.नेपाल सरकारको निर्णयानुसार प्रदान गरिदै आएको मंहगीभत्ता वापतको रकम रू. ५ हजार स्थानीय सेवाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी राष्टसेवक कर्मचारीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

५५.नेपाल सरकारले सम्वत् २०८३ साउन १ गतेदेखि लागू हुने गरी राष्टसेवक कर्मचारीको सुरू तलवमानमा गरेको १० प्रतिशत बृद्धि र सो पछि कायम हुने नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्थालाई स्थानीय सेवाको स्वीकृत दरवन्दीमा कार्यरत सबै राष्टसेवक कर्मचारीलाई समेत उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

५६.अव म सम्मानित नगरसभा समक्ष माथि पेश गरेको लम्कीचुहा नगरपालिकाको गत आर्थिक वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८३०।०८४ को अनुमानित आय

र व्ययको विवरण  सम्मानित नगरसभामा घनिभुत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु । साथै, आगामी आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक, २०८३ समेत सभामा छलफलका लागि प्रस्तुत गर्दछु । साथै, यस लम्कीचुहा नगरपालिकाको कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३) छलफल गरि पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु ।

५७. प्रस्तुत बजेटको कार्यान्वयनबाट आर्थिक सुधारले गति लिने र उच्च एवम् दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकूल अवस्था सिर्जना हुने अपेक्षा गरेको छु । यस बजेटले निजी लगानी अभिवृद्धि गर्न, आर्थिक क्रियाकलाप विस्तार गर्न, उद्यमशीलताको विकास गर्न र अर्थतन्त्रमा विविधीकरण ल्याई रोजगारीको अवसर सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु । यस बजेटबाट राजस्व परिचालन सुदृढ गर्न, बजेट अनुशासन कायम गर्न र सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गर्न सफलता मिल्नेछ भन्नेमा म विश्वस्त छु। यसबाट अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता आउने विश्वास लिएको छु ।

५८. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा सुझाव दिनुहुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त ब्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेटको सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनुहुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारीहरु, करदाता, उद्यमी, ब्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, हामिले अघि सारेका बजेटका प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम प्रबुद्ध वर्गहरु, आम नगरबासी, मतदाता, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगर कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई साझेदारी र सहकार्यका लागि हार्दिक अनुरोध र अपिल समेत गर्दछु ।

धन्यवाद ।

जुना चौधरी

२०८३ असार ५